# प्रेस विज्ञप्ति

मिति २०८०/३/८

## नीति सम्वाद (Policy Dialogue) कार्यक्रम सम्पन्न

सार्वजनिक क्षेत्रमा देखिएका समसामयिक मुद्दाहरूलाई सार्वजनिक वहसमा ल्याई प्राप्त सुझावहरूलाई पृष्ठपोषणका रुपमा लिने उद्देश्यले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालमा आज नीति सम्वाद कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव, विभिन्न मन्त्रालयका उच्च पदस्थ पदाधिकारीहरु, त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका विद्यार्थी एवम् नीति अनुसन्धान प्रतिष्ठानका पदाधिकारीहरुको समेत सहभागिता रहेको थियो। मन्त्रालयका सहसचिव श्री नारायणप्रसाद अर्यालले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै सहभागीहरुलाई स्वागत गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल सरकारका पूर्व सचिव तथा सार्वजनिक प्रशासनका विज्ञ शरदचन्द्र पौडेलले सुशासन र भ्रष्टाचार नियन्त्रण विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्र शासन र सुशासन, भ्रष्टाचारका सम्भाव्य क्षेत्र र यसको नियन्त्रणका उपायहरूमा केन्द्रित रहेको थियो। उक्त कार्यपत्र उपर त्रिभुवन विश्वविद्यालय मानविकी संकायका डिन प्रा. डा. कुसुम शाक्यले टिप्पणी गर्नु भएको थियो। कार्यक्रममा सहभागीको तर्फबाट नेपाल सरकारका पूर्व सचिव, नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता तथा काठमाण्डौ विश्वविद्यालयका विद्यार्थीले आफ्नो धारणा राखुका साथै सहभागीहरुबाट सुशासन र भ्रष्टाचार नियन्त्रणमा लिखित सुझाव समेत लिइएको थियो ।

कार्यक्रममा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव डा. कृष्णहरि पुष्करले विगत लामो समयदेखि थाति रहेको नीति सम्वाद कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिईने प्रतिवद्दता व्यक्त गर्नु भएको थियो । उहाँले सार्वजनिक प्रशासनलाई प्रभावकारी, सक्षम र नागरिकले अनुभूति गर्ने गरी सुधार गर्नु आवश्यक रहेको र यस्ता कार्यक्रमबाट सम्बन्धित क्षेत्रका विज्ञ, प्राज्ञिक क्षेत्र, अनुसन्धानकर्ता एवं सार्वजनिक क्षेत्रलाई एकै ठाउँमा ल्याई समसामयिक सवालमा साझा धारणा बनाउन मद्दत मिल्ने विचार समेत व्यक्त गर्नु भएको थियो । साथै उहाँले भ्रष्टाचार नियन्त्रण भनेर भन्दा गरेर तथा अरुबाट भन्दा आफैबाट शुरुवात गर्ने विषय भएकोमा जोड दिनु भयो ।

## प्रेस विज्ञप्ती

यस मन्त्रालयको चालु आ.व २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउनेप्रयोजनार्थ निजामती कर्मचारीका सन्ततिलाई शैक्षिक प्रोत्साहन वृत्ति उपलब्ध गराउने सम्वन्धी निर्देशिका(सशोधनसहित), २०७८ को अधिनमा रही विभिन्न संकायमा स्नातक तह प्रथम वर्ष वा प्रथम वा दोस्रो सेमेष्टरमा अध्ययनरत जम्मा ६९५ जना सन्तति विद्यार्थीको अन्तिम नतिजा सूची प्रकाशन गरिएको छ ।